## अनुसूची - २

( दफा ४ तथा अनसूची-१ को भाग-१ सँग सम्बन्धित )

**भीरकोट राजपत्र**

# भीरकोट नगरपालिकाद्धारा प्रकाशित

खण्ड १ संख्या ५ मितिः २०७५/०३/२१

**भाग-१**

**भीरकोट नगरपालिका**

भीरकोट नगरपालिका

## <u>भीरकोट नगरपालिकको आर्थिक ऐन, २०७५</u>

<u>भीरकोट नगर सभाबाट स्वीकृत मितिः २०७५/०३/२१</u>

**प्रस्तावनाः**

भीरकोट नगरपालिकाको आर्थिक वर्ष २०७५ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको लागि प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम भीरकोट नगर सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (क) यस ऐनको नाम “आर्थिक ऐन, २०७५” रहेको छ ।

(ख) यो ऐन २०७५ साल श्रावण १ गतेदेखि भीरकोट नगरपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **एकिकृत सम्पति करः** (१) भीरकोट नगरपालिकाका क्षेत्रभित्र अनुसूची (१)(क),(ख) र (ग) बमोजिम मूल्याङ्कन गरि एकिकृत सम्पत्ति कर लगाइ्इ असूल उपर गरिनेछ ।

३. **घर वहाल करः** (१) भीरकोट नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा लगाईएका घरधनीहरुबाट घर वहाल कर लगाइने छ ।

(२) उपदफा (१) बमोजिमको घर बहाल कर बहालमा लगाएको रकमको २ प्रतिशतका दरले हुन आउने रकम असूल गरिने छ ।

(३) उपदफा (१) बमोजिम घर बहालमा लगाउने घरधनीहरुले घर बहालमा दिँदा सम्बन्धित घरधनी र बहालमा वस्नेका विचमा के कति रकममा दिएको हो सो स्पष्ट हुने सो समेत खुलाई सम्झौता गर्नुपर्नेछ र त्यस्तो सम्झौताको १ प्रति अनिवार्य रुपमा नगरपालिकामा पेश गर्नुपर्नेछ ।

(४) उपदफा (१) मा जुनसुकै कुरा लेखेको भएतापनि सिद्धार्थ राजमार्ग खण्डको ८२ फिट भित्र निर्माण भएका घरहरु समेत भाडामा दिएको रहेछ भने त्यस्ता घरहरुको समेत यसै ऐन अनुसारको घर बहाल कर लगाइने छ ।

तर

सिद्धार्थ राजमार्ग खण्डको ८२ फिट भित्र निर्माण भई भाडामा दिएका घरहरुको घर बहाल कर असुल उपर गरेका कारण सडक मापदण्ड अनुसार सम्बन्धित घरधनीले पालना गर्नु पर्ने शर्तबाट उन्मुक्ति पाउने छैन ।

४. **व्यवसाय दर्ता शुल्क र करः** (१) नगरपालिका क्षेत्र भित्र कुनै पनि किसिमका व्यवसाय तथा सेवा संचालन गर्दा अनिवार्य रुपमा नगरपालिकामा दर्ता गरि संचालन गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम व्यवसाय दर्ता गर्दा लाग्ने शुल्क अनुसूची -२ मा तोकिए बमोजिम हुनेछ।

तर

यो ऐन लागु हुनुभन्दा अगाडि दर्ता भएका व्यवसायहरु यसै ऐन अन्तर्गत दर्ता भएको मानिन्छ ।

भीरकोट नगरपालिका

(३) उपदफा (१) बमोजिम भीरकोट नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवा संचालन गरेका व्यवसायीहरुले आफुले स्वयं घोषणा गरेको लगानी र आर्थिक कारोवारको कुल रकमको १ प्रतिशतका दरले हुन आउने रकम व्यवसाय करका रुपमा लगाई असूल उपर गरिनेछ ।

(४) उपदफा (१) वमोजिम सिद्धार्थ राजमार्ग खण्डको ८२ फिट भित्र संचालनमा रहेका व्यापार व्यवसायीहरुबाट समेत उपदफा (३) बमोजिम व्यवसाय कर लगाइने छ ।

**तर**

सिद्धार्थ राजमार्ग खण्डको ८२ फिट भित्र संचालनमा रहेका व्यवसायीहरुवाट व्यवसाय कर असुल उपर गरेका कारण सडक मापदण्ड लगायतका प्रचलित नेपाल कानून वमोजिम पालना गर्नु पर्ने शर्तहरुबाट उन्मुक्ति पाइने छैन ।

५. **ढुगा गिट्टी वालुवा विक्री तथा निकासी शुल्कः** (१) नगरपालिका क्षेत्रभित्र सार्वजनिक स्थलबाट उत्पादन हुने ढुंगा गिटी बालुवा लगाएत दहत्तरबहत्तर समेतको विक्री वितरण अनुसूची (३) बमोजिम विक्रि वितरण गर्ने र असुल उपर गरिनेछ ।

६. **सवारी साधन दर्ता/नविकरण शुल्कः** (१) नगरपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूची (४) बमोजिम सवारी साधन दर्ता तथा नविकरण शुल्क लगाई असुल उपर गरिनेछ ।

७. **विज्ञापन करः** (१) नगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची (५) बमोजिम विज्ञापन कर लगाई असूल उपर गरिनेछ ।

८. **मनोरन्जन करः** (१) नगरपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूची (६) बमोजिम व्यवसाय कर लगाई असुल उपर गरिनेछ ।

९. **बहाल बिटौरी शुल्कः** (१) नगरपालिका क्षेत्रभित्र नगरपालिकाले निर्माण गरेका हाट बजार लगायतका क्षेत्रमा प्रति सय वर्ग फिट वरावर रु १००/- का दरले प्रति महिना बहाल बिटौरी शुल्क लगाई असूल उपर गरिनेछ ।

१०. **पार्किङ शुल्कः** (१) भीरकोट नगरपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूची (७) बमोजिम पार्किङ शुल्क लगाई असूल उपर गरिनेछ।

भीरकोट नगरपालिका

**११. ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र न्याफ्टीङ्ग दर्ता वा नविकरण तथा अनुमति शुल्कः** (१) भीरकोट नगरपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र न्याफ्टीङ्गसेवा वा व्यवसाय दर्ता/नविकरण/अनुमति शुल्क अनुसूची (८) बमोजिमको शुल्क लगाई असूल उपर गरिनेछ ।

**१२. सेवा शुल्क, दस्तुरः** (१)नगरपालिकाले निर्माण, संचालन वा व्यवस्थापन, सडक उपयोग सेवा शुल्क लगायतका सेवा शुल्क अनूसूची (९) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवा सुविधा वापत सेवाग्राहीहरुबाट सोही अनुसूचीमा व्यवस्था भए अनुसार सेवा शुल्क/दस्तुर लगाई असूल उपर गरिनेछ।

**१३. पर्यटन शुल्कः** (१) पर्यटन शुल्क सम्बन्धमा प्रदेश कानुनमा व्यवस्था भए अनुसार हुनेछ ।

**१४. कर छुटः** (१) यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

**तर**

भीरकोट नगरसभाबाट छुट दिने भनि कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थालाई कर छुट दिन बाधा पर्ने छैन ।

**१५. कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** (१) यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि तोकिए बमोजिम हुने छ ।

भीरकोट नगरपालिका

# अनुसूची — १(क)
## (आर्थिक ऐनको दफा २ सँग सम्बन्धित)
## जग्गाको वर्गीकरणमूल्याङ्कन र न्यूनतम दररेट

| सि न | जग्गाको वर्गीकरण | जग्गाको न्यूनतम मूल्याङ्कन | आगामी आर्थिक वर्ष ०७५/०७६ को कर | |
|---|---|---|---|---|
| १ | आर्थिक वर्ष ०७४/०७५मा मालपोत कार्यालय स्याङ्गजा र वालिङ्गले गरेको वर्गीकरण अनुसार | आर्थिक वर्ष ०७४/०७५मा मालपोत कार्यालय स्याङ्गजा र वालिङ्गले गरेको न्युनतम मुल्यका आधारमा | कर योग्य सम्पत्तीको मुल्य (मालपोत कार्यालय स्याङ्गजा र वालिङ्गको आर्थिक वर्ष ०७४/०७५ को न्युनतम मुल्याकन अनुसार मुल्य कायम हुने) | सम्पत्ति करको दर |
| | | | रु १ देखि १ लाख सम्म | रु २५/- |
| | | | रु १ लाख देखि रु २ लाख सम्म | रु ५०/- |
| | | | रु २ लाख देखि रु ३ लाख सम्म | रु ७५/- |
| | | | रु ३ लाख देखि रु ५ लाख सम्म | रु १००/- |
| | | | रु ५ लाख देखि रु ७ लाख सम्म | रु १२५/- |
| | | | रु ७ लाख देखि रु ९ लाख सम्म | रु १५०/- |
| | | | रु ९ लाख देखि रु ११ लाख सम्म | रु १७५/- |
| | | | रु ११ लाख देखि रु १४ लाख सम्म | रु २००/- |
| | | | रु १४ लाख देखि रु १७ लाख सम्म | रु २५०/- |
| | | | रु १७ लाख देखि रु २० लाख सम्म | रु ३००/- |
| | | | रु २० लाख देखि रु २३ लाख सम्म | रु ३५०/- |
| | | | रु २३ लाख देखि रु २६ लाख सम्म | रु ४००/- |
| | | | रु २६ लाख देखि रु ३० लाख सम्म | रु ५००/- |
| | | | रु ३० लाख देखि रु ३४ लाख सम्म | रु ६५०/- |
| | | | रु ३४ लाख देखि रु ३८ लाख सम्म | रु ८५०/- |
| | | | रु ३८ लाख देखि रु ४२ लाख सम्म | रु १०००/- |
| | | | रु ४२ लाख देखि रु ४६ लाख सम्म | रु १२००/- |
| | | | रु ४६ लाख देखि रु ५० लाख सम्म | रु १४००/- |
| | | | रु ५० लाख देखि रु ५४ लाख सम्म | रु १६००/- |
| | | | रु ५४ लाख देखि रु ५८ लाख सम्म | रु १८००/- |
| | | | रु ५८ लाख देखि रु ६२ लाख सम्म | रु २०००/- |
| | | | रु ६२ लाख देखि रु ६७ लाख सम्म | रु २२५०/- |
| | | | रु ६७ लाख देखि रु ७२ लाख सम्म | रु २५००/- |
| | | | रु ७२ लाख देखि रु ७७ लाख सम्म | रु २७५०/- |
| | | | रु ७७ लाख देखि रु ८३ लाख सम्म | रु ३०००/- |
| | | | रु ८३ लाख देखि रु ८९ लाख सम्म | रु ३३५०/- |
| | | | रु ८९ लाख देखि रु ९५ लाख सम्म | रु ३५००/- |
| | | | रु ९५ लाख देखि रु १ करोड सम्म | रु ३७५०/- |
| | | | रु १ करोड देखि रु १ करोड ५० लाख सम्म | रु ५२५०/- |
| | | | रु १ करोड ५० लाख देखि रु २ करोड सम्म | रु ६७५०/- |
| | | | रु २ करोड देखि रु २ करोड ५० लाख सम्म | रु ८२५०/- |

भीरकोट नगरपालिका

| | | | | |
|---|---|---|---|---|
| | | | रु २ करोड ५० लाख देखि  रु ३ करोड सम्म | रु ९७५०/- |
| | | | रु ३ करोड देखि  रु ३ करोड ५० लाख सम्म | रु ११२५०/- |
| | | | रु ३ करोड ५० लाख देखि रु ४ करोड सम्म | १२७५०/- |
| | | | रु ४ करोड देखि  रु ४ करोड ५० लाख सम्म | १४२५०/- |
| | | | रु ४ करोड ५० लाख देखि रु  ५ करोड सम्म | १५७५०/- |
| | | | रु ५ करोड देखि माथि प्रति हजार | रु २/- थप |

भीरकोट नगरपालिका

## अनुसूची — १(ख)
## (आर्थिक ऐनको दफा २ सँग सम्बन्धित)
## संरचनाको मूल्यांकन दर

| क्षेत्र | | संरचना प्रति वर्गफिट रु. | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | RCC फ्रेम स्टक्चर र RCC ढलानको छाना | | RCC फ्रेम स्टक्चर र RCC जस्ताका छाना | | सिमेन्टको जोडाईमा ढुंगा/इट्टा को गाह्रो र RCC ढलानको छाना | | माटोको जोडाईमा ढुंगा/इट्टा को गाह्रो र RCC ढलानको छाना | | सिमेन्टको जोडाईमा ढुंगा/इट्टा/ब्लकको को गाह्रो र जस्ता/स्लेटको छाना | | माटोको जोडाईमा ढुंगा/इट्टा/ब्लकको को गाह्रो र जस्ता/स्लेटको छाना | |
| | | व्यापारिक, औधोगिक तथा संस्थागत | वसोवास | व्यापारिक, औधोगिक तथा संस्थागत | वसोवास | व्यापारिक, औधोगिक तथा संस्थागत | वसोवास | व्यापारिक, औधोगिक तथा संस्थागत | वसोवास | व्यापारिक, औधोगिक तथा संस्थागत | वसोवास | व्यापारिक, औधोगिक तथा संस्थागत | वसोवास |
| क | व्यापारिक | ६५०/- | ६२५/- | ५००/- | ४८०/- | ५००/- | ४८०/- | ४१०/- | ३९०/- | ३४५/- | ३२५/- | ३००/- | २९०/- |
| ख | आवसीय | ५५०/- | ५००/- | ४२०/- | ४२०/- | ४३०/- | ३९०/- | ३४०/- | ३२०/- | २८५/- | २६०/- | २४०/- | २००/- |
| ग | अन्य | ४५०/- | ४००/- | ३९०/- | ३९०/- | ३९०/- | ३५०/- | ३१०/- | २९०/- | २५०/- | २२५/- | २००/- | १५०/- |

भीरकोट नगरपालिका

## अनुसूची — १(ग)
## (आर्थिक ऐनको दफा २ सँग सम्बन्धित)
### संरचनाको ह्रास कट्टी सम्बन्धि व्यवस्था

| संरचनाको प्रकार | RCC फ्रेम स्टक्चर | RCC फ्रेम स्टक्चर र जस्ताको छाना | सिमेन्टको जोडाइमा ढुंगा/इट्टाको गाह्रो र RCC ढलानको छाना | माटोको जोडाइमा ढुंगा/इट्टाको गाह्रो र RCC ढलानको छाना | माटोको जोडाइमा ढुंगा/इट्टा/ब्लकको गाह्रो र जस्ता/स्लेटको छाना | माटोको जोडाइमा ढुंगा/इट्टाको गाह्रो र जस्ता/स्लेटको छाना | कच्ची घर |
|---|---|---|---|---|---|---|---|
| १-५ वर्ष | ५ | ५ | ५ | १० | १० | १० | १० |
| ६-१० वर्ष | १० | १२ | १२ | १५ | १८ | १० | २५ |
| ११-१५ वर्ष | १२ | १५ | १५ | २० | २५ | २० | ३० |
| १६-२० वर्ष | १५ | २० | २० | २५ | ३० | २७ | ४० |
| २१-२५ वर्ष | २० | २५ | २५ | ३० | ३५ | ३५ | ४० |
| २६-३० वर्ष | २५ | ३० | ३० | ३५ | ४० | ४० | ४० |
| ३१-३५ वर्ष | ३० | ३५ | ३५ | ४० | ४० | ४० | ४० |
| ३६-४० वर्ष | ३५ | ४० | ४० | ४० | ४० | ४० | ४० |
| ४० वर्ष भन्दा माथि | ४० | ४० | ४० | ४० | ४० | ४० | ४० |

भीरकोट नगरपालिका

## अनुसूची २

## (आर्थिक ऐनको दफा ४ सँग सम्बन्धित)

## व्यवसाय दर्ता शुल्क

| क्र.स. | व्यवसायको किसिम | दर्ता शुल्क | कैफियत |
|---|---|---|---|
| १ | कपडा पसल | रु १०००/- | |
| २ | फेन्सी पसल | रु १०००/- | |
| ३ | गहना पसल | रु १०००/- | |
| ४ | भाँडा पसल | रु १०००/- | |
| ५ | औषधि पसल | रु १०००/- | |
| ६ | सिलाई/टेलरिङ्ग पसल<br>दैनिक उपभोग्य वस्तुको थोक विक्रि | रु १०००/-<br>रु २०००/- | |
| ७ | ईलेक्ट्रिक सामान विक्रि | रु २०००/- | |
| ८ | विद्युत सामान विक्रि पसल | रु २०००/- | |
| ९ | फोटोग्राफर/ फोटो व्यवसाय | रु १०००/- | |
| १० | पुस्तक पसल तथा स्टेशनरी | रु १०००/- | |
| ११ | माछा, मासु पसल | रु ३०००/- | |
| १२ | फर्निचर शो:रुम | रु २०००/- | |
| १३ | काष्ठ व्यवसाय | रु २०००/- | |
| १४ | मोटर पार्टस तथा वर्कसफ | रु ३०००/- | |
| १५ | सवारी साधन विक्रि(साईकल, मोटरसाईकल, गाडी) शो:रुम | रु ३०००/- | |
| १६ | हार्डवयेर सामान पसल | रु २०००/- | |
| १७ | श्रृङगार तथा उपहार सामान/व्यूटिपार्लर | रु १०००/- | |
| १८ | आयल निगम पेट्रोल पम्प | रु ५०००/- | |
| १९ | पर्यटन सामाग्रि विक्रि(हस्तकला) | रु १०००/- | |
| २० | मर्मत संभार सेवा(हावा भर्ने/पम्चर/धुने) | रु १०००/- | |
| २१ | घडी, रेडीयो, लुगा सिलाउने मेसिन, स्टोभ, भाँडाहरु, पङ्खा आदी मर्मत | रु १०००/- | |
| २२ | कपडा धुलाई | रु १०००/- | |
| २३ | साईन बोर्ड लेख्ने | रु १०००/- | |
| २४ | पार्टि प्यालेस र क्याटरिङ्ग | रु ५०००/- | |
| २५ | साउण्ड सिस्टम | रु ३०००/- | |
| २६ | डिपार्टमेण्टल सुपरमार्केट | रु ५०००/- | |
| २७ | पान पसल | रु १०००/- | |
| २८ | उद्योग व्यवसाय(घरेलु उद्योग) | रु २०००/- | |
| २९ | उद्योग व्यवसाय(कृषि-गाई, भैंसी, वाख्रा, पोल्ट्रि तथा वन्य जन्य ) फर्म | रु १०००/- | |
| ३० | उद्योग व्यवसाय(होटल) | रु ५०००/- | |
| ३१ | उद्योग व्यवसाय(ट्राभल एण्ड टिकेटिङ्ग) | रु ५०००/- | |

भिरकोट नगरपालिका

| | | | |
|---|---|---|---|
| ३२ | उद्योग व्यवसाय(प्याराग्लाईडिङ्ग) | रु ३०००/- | |
| ३३ | उद्योग व्यवसाय(रेष्टुरेण्ट) | रु ३०००/- | |
| ३४ | उद्योग व्यवसाय(छापाखाना) | रु ३०००/- | |
| ३५ | उद्योग व्यवसाय(कुटानी पिसानी मिल) | रु २०००/- | |
| ३६ | बैंक तथा वित्तिय संस्था | रु २०००/- | |
| ३७ | बचत तथा ऋण सहकारी संस्था | रु १५००/- | |
| ३८ | अन्य सामान्य सहकारी संस्था | रु १०००/- | |
| ३७ | उद्योग व्यवसाय(अस्पताल/डेन्टल/क्लिनिक) | रु ५०००/- | |
| ३८ | उद्योग व्यवसाय(निजी विद्यालय) | रु ५०००/- | |
| ३९ | उद्योग व्यवसाय(जग्गा व्यवसाय) | रु १००००/- | |
| ४० | अस्थाई हाट बजार वा घुम्ती पसल | रु ३०००/- | |
| ४१ | तरकारी/फलफूल | रु १०००/- | |
| ४२ | कपाल काट्ने सैलुन | रु १०००/- | |
| ४३ | वर्गिकरणमा नपरेको अन्य व्यवसाय दर्ता | रु १०००/- | |
| ४४ | मादक पदार्थ जन्य डिलरसिप दर्ता | रु ३०००/- | |
| ४५ | मल्टिनेशनल कम्पनीबाट उत्पादित वस्तुको डिलरसिप दर्ता | रु ३०००/- | |
| ४६ | प्लम्बिङ्ग फर्मपेन्टर /व्यक्ति/इलेक्ट्रिकल फर्म/व्यक्ति/ सेनेटरी फर्म/व्यक्ति/फर्म | रु १०००/- | |
| **कन्सल्टेन्सी सूचीकृत दस्तुर** | | | |
| १ | इन्जिनियर, सव इन्जिनिय, ड्राफ्टमेन र इन्जिनियरिङ्ग कन्सल्टेन्सी | रु ७०००/- | |
| २ | कानूनी सेवा व्यवसाय/लेखापढी | रु ३०००/- | |
| ३ | लेखा परीक्षक | रु ३०००/- | |
| ४ | विमा एजेण्ट | रु ३०००/- | |
| ५ | सर्भेयर | रु २०००/- | |
| ६ | अन्य प्रकारको कन्सल्टेन्सी | रु २०००/- | |

**नोटः क्रमसंख्या १ देखी ४६ सम्म उल्लेखित व्यवसायहरु नेपाल सरकारका अन्य निकायमा दर्ता भएको प्रमाणपत्र सहित नगरपालिकामा व्यवसाय दर्ताको लागि आएमा व्यवसाय दर्ता वापत रु १०००/- दर्ता शुल्क लिईनेछ । तर अन्य कार्यालयमा दर्ता गर्न नपर्ने गरि नगरपालिका कार्यालयबाटै दर्ताको प्रमाणपत्र उपलब्ध हुने व्यवसायको हकमा माथि तोकिए बमोजिमको दर्ता शुल्क लिईनेछ ।**

**अनूसूची -३**

**(आर्थिक ऐनको दफा ५ सँग सम्बन्धित)**

**ढुंगा गिट्टी वालुवा बहत्तर/दहत्तर**

| क्र.स | खोलाको नाम | टेन्डर आव्हान गर्ने न्यूनतम अंक | कैफियत |
|---|---|---|---|
| १ | हेलु, कालिका अस्पताल देखी बेगमती दह सम्म | रु १८०००००/- | प्रतिधन मिटर रु ७०/- का दरले (भ्याट बाहेक) |
| २ | बेगमती देखी कैनीरह सम्म | रु १२०००००/- | |
| ३ | कैनीरह देखी छाङ्गछाङ्गदी ओडारे सम्म | रु ६०००००/- | |
| | कुल जम्मा | रु ३६०००००/- | |

भीरकोट नगरपालिका

## अनुसूची - ४

### (आर्थिक ऐनको दफा ६ संग सम्बन्धित)

### सवारी साधन दर्ता तथा सिफारिश/नविकरण शुल्क

| क्र.स. | सवारीको किसिम | आर्थिक वर्ष २०७४/०७५ को शुल्क | आर्थिक वर्ष २०७५/०७६ को शुल्क | कैफियत |
|---|---|---|---|---|
| १ | हेभी सवारी साधन | रु १०००/- | रु १०००/- | |
| २ | चारपाग्रे सवारी साधन | रु ७००/- | रु ७००/- | |
| ३ | मोटर साइकल लगायतका अन्य सवारी | रु ३००/- | रु ३००/- | |

भीरकोट नगरपालिका

## अनुसूची - ५
## (आर्थिक ऐनको दफा ७ संग संम्बन्धित)
## विज्ञापन कर

| क स | विज्ञापनको प्रकार | विज्ञापनको न्यूनतम अंक | विज्ञापन शुल्क |
|---|---|---|---|
| १ | विद्युतीय बोर्ड | | रु ३०००/- |
| २ | ग्लो साईन बोर्ड डि.पी.एस. | | रु २०००/- |
| ३ | भित्ते लेखन प्रति एक | | रु १०००/- |
| ४ | तुल व्यानर प्रति एक | | रु १०००/- |

भीरकोट नगरपालिका

**अनुसूची - ६**

**(आर्थिक ऐनको दफा ८ सँग सम्बन्धित)**

**मनोरन्जन कर**

| क स | विवरण | करका दरहरु (वार्षिक एकमुष्ट) | कैफियत |
|---|---|---|---|
| १ | सिनेमा हल | रु ५०००/- | |
| २ | महोत्सव भित्रको रमाईलो मेला दैनिक | रु ५०००/- | |
| ३ | केबुल लाईन | रु १००००/- | |
| ४ | महोत्सव मेला दस्तुर प्रतिदिन | रु १००००/- | |

भीरकोट नगरपालिका

## अनुसूची - ७
## (आर्थिक ऐनको दफा १० सँग सम्बन्धित)
## पार्किङ्ग शुल्क

**(नगरपालिकाले तोकेको पार्किङ्ग क्षेत्रमा)**

| क्र.स. | सवारीको किसिम | दररेट ( प्रतिघण्टा) | कैफियत |
|---|---|---|---|
| १ | बस, ट्रक, | रु १०/- | |
| २ | मिनिवस/ ट्रयाक्टर | रु ७/- | |
| ३ | जिप, कार, भ्यान, टयाक्सी | रु ५/- | |
| ४ | मोटर साईकल | रु ३/- | |
| ५ | लोडर/डोजर | रु २० | |
| ६ | बजार क्षेत्रमा माल समान विक्रि वितरणका लागि पार्किङ्ग गरेका गाडी | रु १५/- | |

भीरकोट नगरपालिका

## अनुसुची - ८

## (आर्थिक ऐनको दफा ११ सँग सम्बन्धित)

## ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र न्याफ्टीङ्ग दर्ता तथा नविकरण शुल्क

| क्र.स. | व्यवसायको विवरण | दर्ता/नविकरण/अनुमति शुल्क |
|---|---|---|
| १ | ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र न्याफ्टीङ्ग दर्ता तथा नविकरण शुल्क | प्रति व्यवसाय रु ५०००/ |

भीरकोट नगरपालिका

अनुसूची - ९
(आर्थिक ऐनको दफा १२ संग सम्बन्धित)
सेवा तथा सुविधाको शुल्क/दस्तुरः

| सि न | सिफारिश तथा सेवा शुल्कको विवरण | आर्थिक वर्ष ०७४/०७५ को दर | आर्थिक वर्ष ०७५/०७६ को दर, |
|---|---|---|---|
| १ | नागरिकता प्रमाणपत्रको सिफारिश | रु १५०-/ | रु १५०-/ |
| २ | नागरिकता प्रमाणपत्रको प्रतिलिपि सिफारिश | रु ३००-/ | रु ३००-/ |
| ३ | अंगिकृत नागरिकता प्रमाणपत्रको सिफारिश (नेपाली नागरिकसंग विवाहित विदेशी महिला) | रु १५००-/ | रु १५००-/ |
| ४ | अंगिकृत नागरिकताको प्रमाणपत्रको संशोधन (नेपाली नागरिकसंग विवाहित विदेशी महिलाको हकमा) | रु ७५०-/ | रु ७५०-/ |
| ५ | अंगिकृत नेपाली नागरिकताको प्रमाणपत्रको सिफारिश (विदेशी नागरिकसंग विवाह गरेकी नेपाली महिलाबाट जन्मिएको सन्तानको हकमा) | रु १५००-/ | रु १५००-/ |
| ६ | नाता प्रमाणित नेपाली | रु ३००-/ | रु ३००-/ |
| ७ | नाता प्रमाणित अग्रेजी | रु ७५०-/ | रु ७५०-/ |
| ८ | घर जग्गाको नामसारी सिफारिश | रु ३००-/ | रु ३००-/ |
| ९ | गुठी जग्गाको मोहियानि हकको सिफारिश | रु ७५०-/ | रु ७५०-/ |
| १० | जग्गाधनी प्रमाणपत्र (लालपूर्जा) प्रतिलिपि तथा सेस्ता कायम सिफारिश | रु ३००-/ | रु ३००-/ |
| ११ | बकस जग्गा नामसारी सिफारिश | रु १९५०-/ | रु १९५०-/ |
| १२ | जग्गाको अंशवण्डा सिफारिश | रु ४५०-/ | रु ४५०-/ |
| १३ | जग्गाको अपुताली सिफारिश | रु १५००-/ | रु १५००-/ |
| १४ | नाम संशोधन सिफारिश | रु ३००-/ | रु ३००-/ |
| १५ | चारकिल्ला प्रमाणित सिफारिश ३ रोपनीसम्म | रु ३००-/ | रु ३००-/ |
| १६ | चारकिल्ला सिफारिश ३ रोपनी भन्दा बढी प्रतिरोपनी थप | रु ७५-/ | रु ७५-/ |
| १७ | घर बाटो सिफारिश २ रोपनीसम्म | रु ३००-/ | रु ३००-/ |
| १८ | घर बाटो सिफारिश २ रोपनीभन्दा बढी थप | रु ७५-/ | रु ७५-/ |
| १९ | खानेपानी जडानको सिफारिश स्थायी | रु ३००-/ | रु ३००-/ |

भीरकोट नगरपालिका

| | | | |
|---|---|---|---|
| २० | खानेपानीको अस्थायी सिफारिश | रु ६००-/ | रु १,०००/- |
| २१ | विद्युत जडान ३ फेजसम्मको स्थायी सिफारिश | रु ४५०-/ | रु ४५०-/ |
| २२ | विद्युत जडान ३ फेजभन्दा बढी प्रति फेज थप | रु ३००-/ | रु ३००-/ |
| २३ | विद्युत जडान अस्थायी सिफारिश | व्यक्तिगत रु ५००/- र संस्थागत रु १,०००/- | व्यक्तिगत रु ७००/- र संस्थागत रु १,२००/- |
| २४ | विद्युत नामसारीठाँउसारी सिफारिश/ | रु ३००-/ | ५००/- |
| २५ | जग्गाधनी प्रमाण पूर्जा (लालपूर्जा) मा घर कायम सिफारिश | रु ४५०-/ | ५००/- |
| २६ | जन्म मिति प्रमाणित सिफारिश नेपालीमा/जन्म दर्ता | रु १५०-/ | रु १५०-/ |
| २७ | जन्म मिति प्रमाणित सिफारिश अंग्रेजीमा | रु ७५०-/ | रु ७५०-/ |
| २८ | मृत्यू प्रमाणित सिफारिश नेपाली | रु १५०-/ | रु १५०-/ |
| २९ | विवाह /मृत्यू प्रमाणित सिफारिश अंग्रेजीमा | रु ७५०-/ | रु ८५०/- |
| ३० | अविवाहित सिफारिस अंग्रेजी/नेपाली | | रु ८५०/- |
| ३१ | बसोबास प्रमाणित सिफारिश | रु १५०-/ | रु १५०-/ |
| ३२ | नाबालक परिचय पत्र सिफारिश | रु ७५०-/ | रु ७५०-/ |
| ३३ | पतीपत्नी बिच सम्बन्ध विच्छेद | रु ४५०-/ | रु १,०००/- |
| ३४ | चारित्रिक प्रमाणपत्रको सिफारिश भारतको लागि | रु ३००-/ | रु ५००/- |
| ३५ | साधारण सिफारिश अग्रेजी | रु ७५०-/ | रु ७५०-/ |
| ३६ | तिनपुस्ते प्रमाणित | रु १५०-/ | रु १५०-/ |
| ३७ | संस्था दर्ता आमा समूह/यूवा क्लब/ऋण तथा वचत संकलक सहकारी संस्था | | रु ५००/- |
| ३८ | संस्था नवीकरण | रु ४५०-/ | रु ५००-/ |
| ३९ | साधारण सिफारिश नेपाली | रु ३०० | रु ३०० |
| ४० | नक्कल दिने प्रतिपाना | रु ७५-/ | रु २०/- |
| ४१ | जन्म विवाह सम्बन्ध विच्छेद बसाई सराई र मृत्यु दर्ता ३५ दिन भित्र | निशुल्क | निशुल्क |
| ४२ | जन्म विवाह सम्बन्ध विच्छेद र मृत्यु दर्ता ३५ दिन पश्चात | रु ७५-/ | रु ७५-/ |
| ४३ | बसाई सराई | नगरपालिका भित्र रु ५००/- र वाह्य रु | नगरपालिका भित्र रु ५००/- र वाह्य रु |

| | | | |
|---|---|---|---|
| | | ७५०/- | १,५००/- |
| ४४ | घटना दर्ताको प्रमाणपत्रको प्रतिलिपि | रु १५०-/ | रु १५०-/ |
| ४५ | व्यक्तिगत घटना दर्ता विवरण सच्चाउने | रु ७५०-/ | रु ७५०-/ |
| ४६ | सामाजिक सुरक्षाको भत्ताको लागि परिचय पत्र बनाउने | निशुल्क | निशुल्क |
| ४७ | छात्रवृत्ति सिफारिश | | निःशुल्क |
| ४८ | विद्यालय दर्ता सिफारिश (निजि) प्रा. वि. | रु १५००-/ | रु १५००-/ |
| ४९ | विद्यालय दर्ता सिफारिश (निजी) निमावी स्तर | रु २२५०-/ | रु २२५०-/ |
| ५० | विद्यालय दर्ता सिफारिश (निजि) माविस्तर | रु ३०००-/ | रु ३०००-/ |
| ५१ | उच्च मा.वि. दर्ता सिफारिश | रु ४५००-/ | रु ४५००-/ |
| ५२ | उद्योग, व्यवसाय स्थापनाको सिफारिश | रु १५००-/ | रु ५००/- |
| ५३ | मादकपदार्थजन्य डिलरसिप सिफारिश | रु १५००-/ | रु ५००/- |
| ५४ | मल्टिनेशन कम्पनीबाट उत्पादित सामानको डिलर सिप सिफारिश | रु १५००-/ | रु ५००/- |
| ५५ | अन्य सामानको डिलर सिफारिश | रु ७५०-/ | रु ७५०-/ |
| ५६ | नगर स्तर बाहेक अन्य निकायमा योजना माग सिफारिश | | निःशुल्क |
| ५७ | नगर स्तरीय योजना सम्झौता सिफारिश | | निःशुल्क |
| ५८ | आर्थिक सहायता सम्बन्धी सिफारिश | | निःशुल्क |
| ५९ | **धितो मुल्याकन** | | |
| | रु ५ लाख सम्म | रु १५००-/ | रु २,०००/- |
| | रु ५ लाख देखि १० लाख सम्म | रु २२५०-/ | रु २,७५०/- |
| | रु १० लाख देखि २० लाख सम्म | रु ३०००-/ | रु ३,५००/- |
| | रु २० लाख देखि ५० लाख सम्म | रु ४५००-/ | रु ५,०००/- |
| | रु ५० लाख देखि रु १ करोड सम्म | रु ९०००-/ | रु ९,५००/- |
| | रु १ करोड भन्दा माथिसम्म | रु १८०००-/ | रु १९,०००/- |
| ६० | हैसियत तथा आय प्रमाणित सिफारिश प्रति हजार | रु ३-/ | |
| ६१ | | **विज्ञापन शुल्क** | |
| | १० वर्ग फिट सम्म | रु ३००-/ | रु ५००/- |

| | | | |
|---|---|---|---|
| | ११ वर्ग फिट देखि २४ फिटसम्म | रु ७५०-/ | रु १०००/- |
| | २५ वर्ग फिट भन्दा माथि | रु १५००-/ | रु २०००/- |
| | **घर निर्माणको अनुमति/नक्शा पास/अभिलेखिकरण शुल्क** | | |
| ६२ | घर नक्शा पास | न्युनतम रु ५०० र भुई तलाको रु ३ पहिलो तलाको रु ४ दोस्रो तला वा सो भन्दा माथि रु ५ प्रति वर्ग फिट | न्युनतम रु ५०० र भुई तलाको रु ३ पहिलो तलाको रु ४ दोस्रो तला वा सो भन्दा माथि रु ५ प्रति वर्ग फिट |
| ६३ | नक्शा संशोधन | न्युनतम रु १०००-/ वा प्रति वर्ग फुट रु २/- | न्युनतम रु १०००-/ वा प्रति वर्ग फुट रु २/- |
| ६४ | नक्शा म्याद थप | रु १०००/- वा प्रति वर्ग फुट रु २/- | रु १०००/- वा प्रति वर्ग फुट रु २/- |
| ६५ | घर मर्मत स्वीकृत | रु १०००/- वा प्रतिफुट रु २/- | रु १०००/- वा प्रतिफुट रु २/- |
| ६६ | घरको छानाको मोहडा फेर्ने | रु १०००/- | रु १०००/- |
| ६७ | अनुमती नलिई बनाएका घरको अभिलेख राख्ने सम्बन्ध | | घर नक्शा पास गर्दा लाग्ने दस्तुरमा १०० प्रतिशत थप गरि नियमानुसार अभिलेख राख्ने |
| ६८ | साविक घर भत्काएर नयाँ घर बनाउने | रु १०००र घर नक्शा पास अनुसारको दस्तुत लिने | रु १००० र घर नक्शा पास अनुसारको दस्तुत लिने |
| ६९ | अस्थायी संरचनाको हकमा घर नक्शा पास | पक्की भवनमा लाग्ने दस्तुरको ५० प्रतिशत | पक्की भवनमा लाग्ने दस्तुरको ५० प्रतिशत |
| ७० | भारत प्रवेशको लागि राहदानी सिफारिश | रु ७५०-/ | रु ७५० -/ |
| ७१ | प्याराग्लाइडिङ्ग सम्बन्धी अनुमति सिफारिश | रु १०००-/ | रु १०००-/ |
| ७२ | वर्गीकरणमा नपरेका विभिन्न प्रकारका सिफारिश लगायतका विषयमा कामको प्रकृत्तिका आधारमा | रु ७५०-/ | रु ७५०-/ |
| ७३ | इन्जिनियर, सव इन्जिनिय, ड्राफ्टमेन र इन्जिनियरिङ्ग कन्सल्टेन्सीको नविकरण | रु ३७५०-/ | रु ५,०००/- |
| ७४ | घर जग्गा व्यवसाय नविकरण | रु ७५००-/ | रु ८,५००/- |
| ७५ | निर्माण व्यवसायि ठेकदार 'घ' वर्गको नविकरण | | रु ६,०००/- |
| ७६ | स्थानीय निर्माण सामाग्री र ज्यालाको दररेटको उपलब्धता | | रु १,०००/- |
| ७७ | निर्माण साधन भाडा (डोजर) प्रति घण्टा | | उपभोक्ता समितिलाई रु १,९००/- र |

| | | | |
|---|---|---|---|
| | | | अन्यलाई रु २,२००/- |
| ७८ | निर्माण साधन भाडा (टिप्पर) प्रति घण्टा | | उपभोक्ता समितिलाई रु ६००/- र अन्यलाई रु १,०००/- |
| ७९ | व्यवसाय वन्द | | रु ५००/- |
| ८० | व्यवसाय नविकरण | | रु ५००/- |
| ८१ | नक्सा पास आवेदन/ नक्शा पास किताब | | रु ५००/- |
| ८२ | सिफारिस दस्तुर/अन्य दस्तुर | | रु ३००/- |
| ८३ | घरबाटो सिफारिस | | रु ३००/- |
| ८४ | वतन प्रमाणित | | रु ३००/- |
| ८५ | सिफारिश तथा बक्सौनी | | रु ३००/- |
| ८६ | **सरसफाई शुल्क** | | |
| | साधारण आवासिय घर | | रु १००/- |
| | भाडामा लगाईएको घरको भाडामा दिइएको प्रति कोठाको थप रकम | | रु २०/- |
| | होटल/लज/रेष्टुरेन्ट/ वर्कशप/हाडवेयर | | रु १००/- |
| | कपडा पसल/फेन्सी पसल/पुस्तक/टेलरिङ्ग/मदिरा | | रु १००/- |
| | औषधी पसल/भेटेरीनरी/ व्युटीपार्लर/कपाल काटने | | रु १२५/- |
| | किनारा /तरकारी पसल/ किनारका साथ मदिरा पसल | | रु १५०/- |
| | मासुजन्य पर्दाथ विक्री गर्ने पसल | | रु २००/- |
| | अन्य पसल | | रु १००/- |
| | **उपकरण भाडा** | | |
| | एल.सि.डी. मल्टिमेडिया प्रोजेक्टर दैनिक | | प्रति घण्टा रु १००/- |

**सडक उपयोग सेवा शुल्क**

| क स | सडकको नाम | टेण्डर आव्वहानको न्यूनतम अंक | सवारी साधनको विवरण |
|---|---|---|---|
| ८७ | वयरघारी-बगरेबजार-ढापुक पर्वत ग्रा.स.<br>वयरघारी-बगरेबजार-मोहनडाँडा पर्वत ग्रा.स.<br>वयरघारी-बगरेबजार-स्वरेक टापु ग्रा.स.<br>बयरघारी-पुल्कोमुख-चुनडाँडा-तिसेदी ग्रा.स | रु ४०००००/- | ट्रक टिपर र डोजरको रु २००/, ट्याक्टर रु १५०/-, नीजि तथा |

| | | | |
|---|---|---|---|
| ८८ | हेलु-बलमाटा- अर्जुनचौपारी सडक ग्रा.स. | रु ९२१०००००/-(अर्जुनचौपारी र भीरकोट नगरपालिकाको सहमति अनुसार बाँडफाँड हुने) | भाडाका बस तथा मिनिबस रु १००/- अन्य सवारी साधन रु ४०/- |
| ८९ | वयरघारी-जगतपूर-केघा ग्रा.स.<br>दार्सिङ्ग-केघा ग्रा.स.<br>बयरघारी —बानेथोक-बिरुबा ग्रा.स.<br>छाङ्छाङ्दी-दभुङ्गठाटी ग्रा.स. | रु २६००००/- | |

आज्ञाले,

धर्मराज ढुंगाना

प्रमुख प्रशासकिय अधिकृत

भीरकोट नगरपालिका